# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या :- ०७४/०७५
चलानी नं :- ८७६

मिति :- २०७४/१०/१०

**विषय : प्रेस विज्ञप्ती सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा मिति २०७४ माघ ५ गते, शुक्रबार बेलुकी दक्षिणकाली नगरपालिका वडा नं. ५, बज्रयोगिनी मन्दिर जाने बाटो नजिक हेटौंडाबाट आउँदै गरेको ना. १ ज. ३३७५ को टाटा सुमोको ठक्करबाट द.न.पा. वडा नं. ९ बस्ने डा. एलिजा भण्डारीले सहादत प्राप्त गर्नु भएको अकल्पनीय घटना प्रति दक्षिणकाली नगरपालिका अत्यन्तै मर्माहत भएको छ । यस दुखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

उक्त अकल्पनीय घटनाको कारण अत्यन्त मर्माहत तथा शोकाकुल नगरबासीहरुले आफ्नो आवेग थाम्न नसकी भाडाका टाटा सुमो आवतजावतमा रोक लगाउनु पर्दछ भन्ने स्वस्फुर्त माग राखी सडक जाममा उत्रिएको तत्कालिन अवस्थामा जनधनको क्षति हुनसक्ने प्रवल सम्भावनालाई मध्यनजर गरी नगरबासीलाई संयमित बनाई थप क्षति हुनबाट जोगाउनको लागि भाडाका टाटा सुमोको आवतजावत रोक्ने नगरबासीको मागमा स्थानीय जन-प्रतिनिधिहरुको समेत सहमति रहेको भनी तत्कालीन अवस्थालाई सहज बनाएको व्यहोरा सर्वबिदितै छ ।

उक्त मिति देखि नगरपालिकाको नियमित प्रयासबाट नगरबासीको शान्ति पूर्ण बस्न र बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्नुका साथै यातायात संचालनमा रोक लगाउने भन्दा पनि सुरक्षित तथा व्यवस्थित तवरले यातायात संचालन हुनुपर्ने भन्ने आम नगरबासीको मनसाय समेत रहेको महसुस हुन आएकोले, दोषीलाई कडा भन्दा कडा कारवाही र पीडित पक्षलाई उचित क्षतिपूर्तिको लागि पहल गर्दै यस क्षेत्रबाट आवतजावत गर्ने तथा संचालन हुने सवारी साधनहरुलाई व्यवस्थित रुपमा संचालन तथा नियमनको लागि सम्पूर्ण सरोकारवालाहरुको सहभागीता मुलक प्रतिनिधित्व रहने गरी वडा नं. ५ का वडा अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको उप-समिति गठन भई तत्काल कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

साथै आजैका मिति देखि यस भेगवाट आवतजावत तथा संचालन हुने भाडाका टाटा सुमो लगायत अन्य सवारी साधनहरुको संचालनमा कोही कसैवाट अवरोध नगर्न नगराउन दक्षिणकाली नगरपालिका सबैमा हार्दिक अपिल गर्दछ ।

आगामी दिनहरुमा यस्ता घटनाहरुको पिडा दक्षिणकाली नगरबासीहरु तथा अन्य कोहि कसैले पनि भोग्न नपरोस् र दक्षिणकाली नगरपालिकालाई सुरक्षित तथा व्यवस्थित यातायत संचालनको लागि हाल बल्खुबाट संचालनमा आएका भाडाका टाटा सुमोहरुलाई दक्षिणकाली नगरपालिका वडा नं. ७ को कार्यालय नजिकैको फ्याकुल डाँडामा काउन्टर तथा पार्किङको व्यवस्था मिलाई सोही स्थानबाट संचालन गरिने र टाटा सुमो लगायत अन्य सवारी साधनहरुलाई तिब्र गतिमा संचालन हुन नदिई समय निर्धारण गरि व्यवस्थित रुपमा यातायात संचालन गर्न देहाय बमोजिम रहने गरि उप-समिति गठन भएको व्यहोरा पुनः नगरबासीहरुमा जानकारी गराउँदछौं ।

**तपसिल :**

१. द.न.पा. वडा नं. ५ का वडा अध्यक्ष - अध्यक्ष
२. द.न.पा. वडा नं. १, २, ३, ४, ६, ७, ८ र ९ का वडा अध्यक्षहरु - सदस्य
३. ईलाका प्रशासन कार्यालय, फर्पिङ - सदस्य
४. ईलाका प्रहरी कार्यालय, फर्पिङ - सदस्य
५. महानगरीय ट्राफिक प्रहरी प्रभाग, फर्पिङ - सदस्य
६. दक्षिणकाली बस सेवा समिति, फर्पिङ - सदस्य
७. जीप संचालन तथा समन्वय समिति - सदस्य
८. टिपर संचालन समिति - सदस्य

.....................
**मोहन बस्नेत**
(नगर प्रमुख)


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ १ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np